मिति: २०८२/०९/२८ (सोमबार)

बैठक संख्या: ६९ औ

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : बिहानः ८.३० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६९ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | — |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | — |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/०९/२८ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८३/८४ को आय-व्यय प्रक्षेपण सम्बन्धमा ।
३. समपुरक र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम माग सम्बन्धमा ।
४. नेपाल पर्यटन बोर्ड र नगरपालिकाको सहकार्यमा सञ्चालन गरिने आयोजनाको सम्बन्धमा ।
५. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सम्बन्धमा ।
६. कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
७. आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।
८. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।
९. नदिजन्य पदार्थ संकलन तथा विक्री सम्बन्धमा ।
१०. स्वास्थ्यतर्फको कार्यक्रम परिमार्जन सम्बन्धमा ।
११. बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सम्बन्धमा
१२. विविध
- गाईखुरे झरना क्षेत्रको सम्बन्धमा ।
- मालपोत कार्यालय लमजुङको पत्र सम्बन्धमा ।
- निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।
- असाधरण विदा सम्बन्धमा ।
- लागत साझेदारीमा सडक कालोपत्रे सम्बन्धमा ।
- भू उपयोग वर्गिकरणमा संशोधन सम्बन्धमा ।
- कार्यविधि निर्माण सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**
मिति २०८२/०८/२४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : आर्थिक वर्ष २०८३/८४ को आय-व्यय प्रक्षेपण सम्बन्धमा ।**
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को प्रयोजनार्थ यस बेसीशहर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को लागि अनुमानित आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी नेपाल सरकार अर्थ मन्त्रालय र अन्य सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो।

**देहाय:**

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

**बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को लागि आय व्यय प्रक्षेपण**

| क.सं | विवरण | आय रकम रु. |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय | ४,५०,००,००० |
| २ | स्थानीय राजश्व | ३,००,००,००० |
| ३ | वित्तिय समानीकरण अनुदान/संघीय सरकार | १८,००,००,००० |
| ४ | राजश्व बाँडफाँड/संघीय सरकार | १२,००,००,००० |
| ५ | समानीकरण अनुदान/प्रदेश सरकार | २,००,००,००० |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | १,५०,००,००० |
| ७ | संघीय सशर्त अनुदान | ४०,००,००,००० |
| ८ | संघीय विशेष अनुदान | २,००,००,००० |
| ९ | संघीय समपुरक अनुदान | २,००,००,००० |
| १० | प्रदेश सशर्त अनुदान | १,००,००,००० |
| ११ | प्रदेश विशेष अनुदान | ५०,००,००० |
| १२ | प्रदेश समपुरक अनुदान | ६०,००,००० |
| १३ | जलविद्युत रोयल्टी | २,७५,००,००० |
| १४ | वन रोयल्टी | ५०,००० |
| १५ | अन्य विविध (सडक बोर्ड आदि) | १,००,००,००० |
| | जम्मा अनुमानित आय | ९०,८५,५०,००० |

| | विवरण | व्यय रकम रु. |
|---|---|---|
| १ | चालु तर्फ | ५५,८५,५०,००० |
| २ | पूँजीगत तर्फ | ३५,००,००,००० |
| | जम्मा अनुमानित व्यय | ९०,८५,५०,००० |

**निर्णय नं.३ : समपुरक  र विशेष अनुदानतर्फको आयोजना/कार्यक्रम माग सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग काठमाण्डौको मिति २०८२/०८/२६ मा प्रकाशित सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी विस्तृत सूचना अनुसार समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ मा व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना तथा कार्यक्रमहरु छनौट गरी तोकिए वमोजिमका विवरणहरु अनलाइन प्रविष्ट गरी २०८२ माघ मसान्तभित्र विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोग काठमाण्डौमा प्रस्ताव पठाउने निर्णय गरियो ।

(क)समपुरक अनुदानतर्फ छनौट गरिएका आयोजना/कार्यक्रम (प्राथमिकताक्रम अनुसार )

१. चण्डी-गाउँशहर-काउलेपानी-पुरानोकोटगढी सडक स्तरोन्नति, बेनपा-३ र ४ (क्रमागत)

२. बाखेजगतबाट नाल्मा वडा कार्यलय सम्मको सडक स्तरोन्नति, बेनपा-५

३. काफलस्वाँरा-चम्डिला-पुरानोकोट सडक स्तरोन्नति, बेनपा-२ र ४

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

(ख)विशेष अनुदानतर्फ छनौट गरिएका आयोजना/कार्यक्रम (प्राथमिकताक्रम अनुसार)

१. मर्स्याङ्दी नदि तटबन्ध निर्माण, बेसीशहर नगरपालिका-१ र २(गाईखुरे झरना दोभानदेखि गैरी खहरे दोभानसम्म) विपद् जोखिम न्यूनीकरण

२. प्रविधिमैत्री शिक्षण सिकाई तथा अनुगमन कार्यक्रम, बेसीशहर नगरपालिका

३. फोहरमैला प्रशोधन केन्द्र निर्माण, बेसीशहर नगरपालिका

**निर्णय नं.४ : नेपाल पर्यटन बोर्ड र नगरपालिकाको सहकार्यमा सञ्चालन गरिने आयोजनाको सम्बन्धमा ।**

नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप काठमाण्डौको च.नं. ८२/८३/४६, मिति २०८२/०८/०८ को प्राप्त पत्रानुसार सो बोर्डको चालु आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत यस बेसीशहर नगरपालिकासंगको सहकार्यमा देहाय वमोजिमका पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनको लागि बोर्डबाट देहाय वमोजिमको रकम विनियोजन भएको हुँदा यस नगरपालिकाबाट कुल लागतमा २५% योगदान (म्याचिङ फण्ड) वापत निम्न वमोजिमको रकम आन्तरिक श्रोततर्फ लागत साझेदारी/समपुरक कोष शिर्षक (खर्च संकेत नं २२७११ मा विनियोजित बजेट रु. ४०,००,०००/- (चालीस लाख) मध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय:**

| आयोजनाको नाम | ठेगाना | कुल लागत रु. | विनियोजित रकम रु. | |
|---|---|---|---|---|
| | | | पर्यटन बोर्ड | नगरपालिका |
| १.पुरानोकोट कसिने चौतारादेखि स्तुपासम्म पदमार्ग निर्माण | बेसीशहर नगरपालिका-४ | ६,६६,६६६.६७/- | ५०००००/- | १६६६६६.६७/- |
| २.त्रिलोकेश्वर महादेव मन्दिर सौन्दर्यकरण | बेसीशहर नगरपालिका-११ रामचोकबेसी | ६,६६,६६६.६७/- | ५०००००/- | १६६६६६.६७/- |

**निर्णय नं.५ : राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सम्बन्धमा ।**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ वमोजिम चालु आर्थिक वर्ष २०८२/८३ मा सशर्त अनुदानतर्फ खर्च शिर्षक नं २६३३२ मा आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धन सम्बन्धी क्रियाकलाप कार्यान्वयनको लागि रु. ५,२४,०००/-(पाँच लाख चौवीस हजार मात्र) प्राप्त भएको र सो क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तिमा शत प्रतिशत रकम साझेदारी गर्नुपर्नेछ भन्ने उल्लेख भए वमोजिम यस बेसीशहर नगरपालिकाबाट आन्तरिक श्रोततर्फ लागत साझेदारी/समपुरक कोष शिर्षक (खर्च संकेत नं २२७११ मा विनियोजित बजेट रु. ४०,००,०००/- (चालीस लाख) मध्येबाट उक्त कार्यक्रमको लागि रु. ६,००,०००/- (छ लाख मात्र) विनियोजन गर्ने साथै उक्त कार्यक्रम चालु आर्थिक वर्ष २०८२/८३ मा वडा नं २,६,९,१० र ११ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा।**

बेसीशहर नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा अस्थायी र करार सेवामा कार्यरत अनुसूचीमा संलग्न भए वमोजिमका कर्मचारीहरुको म्याद २०८२ पुस मसान्तमा समाप्त हुने हुँदा निजहरुको हालसम्मको कार्यसम्पादन सन्तोषजनक रहेकोले म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी अस्थायी तथा करार सेवाको म्याद २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

**निर्णय नं ७: आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय बमोजिमका नगरस्तनरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय बमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.उपल्लो लाङ्दीदेवी सिंढी निर्माण,(नगरस्तरीय) बेनपा-५, खर्च संकेत नं ३११५१ | २ लाख | १.उपल्लो लाङ्दीदेवी ट्रस निर्माण, बेनपा-५ | २ लाख | ५ नं वडा कार्यालयको च.नं. २५४, मिति २०८२/०९/२२ को पत्र समेतका आधारमा । |
| २.विविध कार्यक्रम खर्च, बेनपा-५, खर्च संकेत नं २२५२९ | १ लाख १२ हजार | २.सडक संकेत बोर्ड निर्माण तथा व्यवस्थापन, बेनपा-५ | १ लाख १२ हजार | ५ नं वडा कार्यालयको च.नं. १३८, मिति २०८२/०७/११ को पत्र समेतका आधारमा । |
| ३. मैसाकोदेखि पुरानोगाउँसम्म सिंढी निर्माण,(नगरस्तरीय) बेनपा-५ खर्च संकेत नं ३११५१ | २ लाख | ३.पुरानोगाउँ मोटरबाटो ग्याविनवाल निर्माण, बेनपा-५ | २ लाख | |
| ४.लाङ्दीदेवी पार्क ट्रस निर्माण, बेनपा-५,(नगरस्तरीय) खर्च संकेत नं ३११५९ | ५ लाख | ४.लाङ्दीदेवी पार्क घेराबार निर्माण, बेनपा-५ | ५ लाख | |
| ५.नाल्मा स्वास्थ्यचौकी पोषण बेनपा-५, खर्च संकेत नं २२७११ | २५ हजार | ५.गर्भवती तथा दुई वर्ष मुनिका बालबालिकाहरुलाई पोषण कार्यक्रम, बनेपा-५ | २५ हजार | |
| ६.अन्नपूर्ण मावि कक्षाकोठा व्यवस्थापन, बेनपा-५ खर्च संकेत नं २५३११ | १ लाख | ६.अन्नपूर्ण मावि कक्षाकोठा विद्युतीकरण, बेनपा-५ | १ लाख | |
| ७.वडा कार्यालय सेवाकेन्द्र व्यवस्थापन खर्च, बेनपा-५, खर्च संकेत नं २२३१९ | १ लाख ५० हजार | ७.१ वडा कार्यालय भवन रंगरोगन तथा मर्मत सम्भार | ७० हजार | |
| | | ७.२ वडा कार्यालय भवन उदघाटन तथा व्यवस्थापन, बेनपा-५ | ८० हजार | |
| ८.फुटकर तथा विविध कार्यक्रम खर्च, बेनपा-१, खर्च | ६ लाख ३० हजार | ८.१खुल्ला तिजगीत प्रतियोगिता, बेनपा-१ | ६० हजार | १ नं वडा कार्यालयको च.नं. ५०२, मिति |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| संकेत नं २२७११ | | ८.२ सडकबत्ति महशुल | २० हजार | २०८२/०९/२८ को पत्र समेतका आधारमा । |
| | | ८.३ कुमारीचोकदेखि बरालचोक जाने बाटो निर्माण | १ लाख ५० हजार | |
| | | ८.४ वडा कार्यालय कोठा मर्मत तथा रंगरोगन | ४२ हजार ७ सय | |
| | | ८.५वडा कार्यालयमा फर्निचर तथा डेकोरेशन सामाग्री खरिद | १ लाख ४१ हजार ६१७ | |
| | | ८.६ वडा नं १ र ११ जोड्ने बाटो मर्मत | ३५ हजार | |
| | | ८.७ साउनेपानी भवन स्तरोन्नति | ५० हजार | |
| | | ८.८ सारतपोखरीमा नेपालको झण्डा र ट्रान्सफरमर तारबार | ५० हजार | |
| ९.ओम शान्ति भवन निर्माण, बेनपा-७,(नगरस्तरीय) खर्च संकेत नं ३१११२ | २ लाख | ९ ओम शान्ति भवन स्मार्ट वोर्ड खरिद, बेनपा-७ | २ लाख | व्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय, बेसीशहर शाखाको मूल कार्य समितिको बैठकको मिति२०८२/०८/२५ को निर्णय समेतका आधारमा |
| १०. बृद्धवृद्धाहरुलाई न्यानो लुगा कार्यक्रम, बेनपा-४, खर्च संकेत नं २२७११ | २ लाख | १०.डाँडागाउँदेखि क्यारकुमासम्म मोटरबाटो निर्माण, बेनपा-४ | २ लाख | ४ नं वडा कार्यालयको च.नं. २८१, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा । |
| ११.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७, खर्च संकेत नं २२७११ | ४ लाख ५२ हजार | ११. जनविकास मावि चण्डीडाँडा, वार्षिकोत्सव सहयोग, बेनपा-७ | १५ हजार | ७ नं वडा कार्यालयको च.नं. ६९७, मिति २०८२/०९/२५ को |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १२.अध्ययन अवलोकन भ्रमण, बेनपा-७, खर्च संकेत नं २२७११ | १ लाख ५० हजार | वेयलफेयर सिंढीबाटो रेलिङ निर्माण | २५ हजार | पत्र समेतका आधारमा । |
| १३.विविध फुटकर खर्च, बेनपा-८, खर्च संकेत नं २२७११ | ३ लाख ५७ हजार | १३.१ श्री लक्ष्मी बालमन्दिर आधारभूत विद्यालय मर्मत सुधार, | १ लाख | ८ नं वडा कार्यालयको च.नं. ७०५, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा । |
| १४.खेलकुँद प्रवर्द्धन कार्यक्रम, बेनपा-८, खर्च संकेत नं २२५२९ | १ लाख | १४.१ नगरकप सहभागीका लागि विविध खर्च(उज्ज्वल राना) | ३५ हजार | ८ नं वडा कार्यालयको च.नं. ७०५, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा । |
| | | १४.२महिला भलिवल प्रतियोगितामा सहभागीहरुलाई विविध खर्च | २५ हजार | |
| | | १४.३ लमजुङ मर्स्याङ्दी क्लवलाई त्रिवेणी कप खेलकुँद सहयोग | ४० हजार | |
| १५.बडहरे पहिरो नियन्त्रण, बेनपा-१, खर्च संकेत नं ३११५७ | २ लाख | १५.आठविसे कुलो मर्मत, बेनपा-१ | २ लाख | १ नं वडा कार्यालयको च.नं. ५०२, मिति २०८२/०९/२८ को पत्र समेतका आधारमा । |
| १६.सामाजिक सुरक्षा तथा पञ्जिकरण व्यवस्थापन, बेनपा-१ खर्च संकेत नं २२५२९ | ५० हजार | १६. वडा कार्यालयमा १ थान ल्यापटप खरिद, बेनपा-१ | ५० लाख | |
| १७.थापागाउँ राधाकृष्ण मन्दिर मर्मत, बेनपा-२,खर्च संकेत नं ३११५९ (नगरस्तरीय) | १ लाख ५० हजार | १७.थापागाउँ राधाकृष्ण मन्दिर घेराबार र गेट निर्माण, बेनपा-२ | १ लाख ५० हजार | २ नं वडा कार्यालयको च.नं. ८४०, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १८.विविध फुटकर कार्यक्रमहरु, बेनपा-२, खर्च संकेत नं २२७११ | २ लाख ३० हजार ९१२ | १८.१ बाल विद्याश्रम प्रावि वार्षिकोत्सव कार्यक्रम खर्च | २० हजार | |
| | | १८.२ बाल विद्याश्रम प्रावि बाल विकास कक्षाको लागि कार्पेट र कुशन खरिद, बेनपा-२ | ३० हजार | |
| १९.वडा फुटकर कार्यक्रम, बेनपा-६, खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | १९.१ वडा कार्यालय मर्मत सम्भार,बेनपा-६ | २५ हजार | ६ नं वडा कार्यालयको च.नं. ३९८ र ३९९, मिति २०८२/०९/२८ को पत्र समेतका आधारमा |
| | | १९.२ चण्डेश्वरी प्रा.वि. शैक्षिक सुधार कार्यक्रम, बेनपा-६ | २५ हजार | |
| २०.विविध, बेनपा-११ खर्च संकेत नं २२७११ | ३ लाख ४७ हजार | २०.१ भीम बहादुर मिजारको घर अगाडिको पहिरो संरक्षण, बेनपा-११ | ४५ हजार | ११ नं वडा कार्यालयको च.नं. ८४०, मिति २०८२/०९/२५ को पत्र समेतका आधारमा |
| | | २०.२ चिती एकिकृत खानेपानी टयाङ्की निर्माण, बेनपा-११ कोल्डाँडा | १३ हजार | |
| २१. कृषक सहयोग कार्यक्रम, बेनपा-११ खर्च संकेत नं २२७११ | ८३ हजार | २१.१ च्याउ विऊ खरिद, बनेपा-११ | ४३ हजार | |
| | | २१.२ बाखा खोर निर्माण/मर्मत (प्रदिप बाबु तिवारी र श्याम बहादुर अधिकारी) | ४० हजार | |
| २२.विपन्न विद्यार्थी शैक्षिक सामाग्री वितरण, बेनपा-११ खर्च संकेत नं २२७११ | ५० हजार | २२.शैक्षिक मेला कार्यक्रम, बेनपा-११ | ५० हजार | |

गुमान सिंह अर्याल
नगर प्रमुख

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| २३.कुमारी तामाङको घर हुँदै तामाङ गाउँ जाने गोरेटोबाटो निर्माण, खर्च संकेत नं ३११५१ | ७५ हजार | २३.चिप्लेटी खोला हुँदै अलैची खोला जाने गोरेटोबाटो निर्माण, बेनपा-११ | ७५ हजार | |
| २४.गंगटे कुवा मर्मत, बेनपा-११, खर्च संकेत नं ३११५६ | ५० हजार | २४.बैंशबोटे कुवा मर्मत, बेनपा-११ | ५० हजार | |
| २५.खेलकुँद कार्यक्रम सञ्चालन बेनपा-११, खर्च संकेत नं २२५२२ | १ लाख ७५ हजार | २५.१ समाजसेवा युवा क्लब माघि मेला कार्यक्रम, | १० हजार | |
| | | २५.२चिती युवा क्लब खेलकुँद कार्यक्रम | ७५ हजार | |

निर्णय नं ८: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।

समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर बार्षिक कार्यक्रम/बजेट बनाउँदाका वखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक वजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थाबाट नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखबाट तोकादेश भएका देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय:

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च शिर्षक नं | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.सुनखोलाबाट माझथर जाने बाटो स्तरोन्नति, बेनपा-७ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | १०००००/- (एक लाख ) | ७ नं वडा कार्यालयको च.नं ६८५, २०८२/०९/२२ को सिफारिस समेतका आधारमा । |
| २.राधाकृष्ण मन्दिर मर्मत सम्भार, बेनपा-८ | फुटकर आयोजना तथा कार्यक्रमहरु | २२७११ | ३००००/- (तीस हजार) | प्राप्त निवेदन समेतका आधारमा । |

निर्णय नं ९: नदिजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धमा ।

(क) भारी मेसिन (जेसिभी, एक्साभेटर) प्रयोग गर्न मिल्ने गरी टेण्डर आह्वान गर्ने सम्बन्धमा ।

चालु आर्थिक बर्ष २०८२।८३ का लागि ठेक्का संचालन हुन नसकेका वडा नं. १, २ र ११ भित्र पर्ने मध्यमर्स्याङदी जलविधुत आयोजनाको जलाशयको माथिल्लो तटीय क्षेत्रमा नदिजन्य पदार्थ जमेर बसेका घाटहरुमा ठूला मेसिन (जेसिभी, एक्साभेटर) को प्रयोग गरी उत्खनन् तथा संकलन गरी बिक्रीको लागि मिति २०८२।०९।०६ मा बसेको

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

जिल्ला विपद व्यवस्थापन समिति, लमजुङबाट "उक्त क्षेत्रमा ठूलो परिमाणमा नदीजन्य पदार्थ जम्मा भएका कारण नदीको बहाव परिवर्तन भई आसपासका जमिन कटान हुँदा लमजुङ सीप बिकास प्रतिष्ठान (गैरी क्याम्पस) जोखिममा रहेको र झोलुङ्गे पुल समेतमा नकारात्मक असर परेकोले थप क्षति समेत हुन सक्ने सम्भावना भई विपद् जोखिम हिसाबले संवेदनशील रहेको हुँदा ढुंगा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को जिल्ला अनुगमन समिति र सम्बन्धित स्थानीय तहले निरन्तर अनुगमन गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमाभित्र रही नदीको परम्परागत वहावमा फरक नपर्ने गरी उल्लेखित क्षेत्रहरुमा भारी मेसिन (जेसिभी, एक्साभेटर) प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्न सोही मापदण्डको दफा ४ को उपदफा ४ बमोजिम गर्ने गरी स्वीकृती प्रदान भई आएकोले यस सम्बन्धमा मिति २०८२/०९/२२ को राजश्व परामर्श समितिको बैठकको निर्णय समेतका आधारमा बेसीशहर नगरपालिका वडा नं १, २ र ११ अन्तर्गत ड्याम साईडमा रहेका तपसिलमा उल्लेखित घाटहरुमा जम्मा भएका नदीजन्य पदार्थहरु भारी मेसिन (जेसिभी, एक्साभेटर) प्रयोग गरी उत्खनन्, संकलन गरी बिक्री कार्यको लागि ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| क.सं. | सिलबन्दी दरभाउ-पत्र।ठेक्काको नाम | उत्खनन् परिमाण (घ। मि।) | न्यूनतम ठेक्का रकम रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | थारचौर खण्ड (गैरी क्याम्पस पारी)<br>(थारचौर धुपीचौर झोपु तल घुम्तिको खण्ड) | ६५०० | २०६५००० |
| २ | गैरी क्याम्पस मुनि खण्ड (क)<br>(गैरी क्याम्पस मुनिको वारी घुम्ति र पारी चिती बरबोट खोला मुनि) | १४४०० | ४५७५००० |
| ३ | गैरी क्याम्पस मुनि खण्ड (ख)<br>(गैरी चेपाङटार झोपुलबाट माथि खण्ड क देखि तलको भाग) | १४४०० | ४५७५००० |
| ४ | गाइखुरे छहरा खण्ड (क)<br>(गैरी चेपाङटार झोपुदेखि तल राक्से खोलासम्म) | १५००० | ४७६५००० |
| ५ | गाइखुरे छहरा खण्ड (ख)<br>(राक्से खोला खण्ड क को सिमानादेखि तल प्रतिक्षालय मुनीसम्म) | १५००० | ४७६५००० |
| ६ | गाइखुरे छहरा खण्ड (ग)<br>(प्रतिक्षालय मुनी खण्ड ख को सिमानादेखि तल गाइखुरे झरना अगाडी) | १२००० | ३८२०००० |
| ७ | क्रसर उद्योग मुनिको खण्ड क<br>(आकासे भिर प्रतिक्षालय मुनिदेखि ११० मि तलको भाग) | १६५०० | ५२४०००० |
| ८ | क्रसर उद्योग मुनिको खण्ड ख<br>(खण्ड क को सिमानादेखि तल आकासे भोटे खोल्सिसम्म) | १३२०० | ४२००००० |
| ९ | बरबोट मुनिको खण्ड<br>(क्रसर उद्योग पारिपट्टि बरबोट मुनिको भाग) | ४८०० | १५२५००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

**(ख) सडक निर्माणको क्रममा निस्केको ढुंगा सहितको ग्राभेल बिक्री सम्बन्धमा ।**

डुम्रे-बेसीशहर-चामे सडक खण्ड अन्तर्गत बेसीशहर नगरपालिका वडा नं. ६ स्थित खरखरे पहिरो व्यवस्थापनका लागि डुम्रे बेसीशहर चामे सडक आयोजनाको कार्यालयमार्फत पहिरो व्यवस्थापन आयोजना कार्यान्वयन भईरहेको र उक्त आयोजना कार्यान्वयनको क्रममा निस्केका ग्राभेल तथा ढुंगा सम्बन्धित आयोजना कार्यालयसँगको समन्वयमा यस कार्यालयका प्राविधिकबाट नापजाँच गरी कूल १९४३.५५ ( एक हजार नौ सय त्रिचालीस थोप्लो पचपन्न) घनमिटर बराबरको ढुंगा तथा ग्राभेल लिलाम बढाबढ गरी बिक्री गर्दा नगरको राजश्व आम्दानी हुने भएकोले सोको लागि दररेट प्रति घनफिट रु. ९ का दरले हुन आउने रु. ६,१७,११६।- ( छ लाख सत्र हजार एक सय सोह्र) हुन आएकोले न्यूनतम रकम रु ६,१७,५००।- (छ लाख सत्र हजार पाँच सय) कायम गरी उक्त मालबस्तु बिक्री गर्न ७ (सात) दिनको सूचना प्रकाशन गरी उच्चतम् कवोल गर्नेसंग सम्झौता गरी विक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: स्वास्थ्यतर्फको कार्यक्रम परिमार्जन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत देहाको कार्यक्रमलाई देहाय अनुसार संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.बेसीशहर नगरपालिकाको विपन्न स्थायी बासिन्दाले स्वास्थ्य संस्थामा सुत्केरी गराएवापत प्रति सुत्केरी महिलालाई रु. ३०००/-का दरले पोषण खर्च उपलब्ध गराउने खर्च संकेत नं २७११२ | ३ लाख | १.बेसीशहर नगरपालिकाको स्थायी बासिन्दाले स्वास्थ्य संस्थामा सुत्केरी गराएवापत प्रति सुत्केरी महिलालाई रु. ३०००/-का दरले पोषण खर्च उपलब्ध गराउने | ४ लाख | |
| २. सुत्केरी आमालाई बधाई तथा सन्देशमूलक कार्यक्रम | १ लाख | | | |
| ३.टोल भेटघाट एवम् ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सामान्य स्वास्थ्य जाँच सेवा | ३ लाख | टोलभेट गर्दा ५० वर्ष भन्दा माथिका नागरिकलाई सामान्य स्वास्थ्य परिक्षण गर्ने र उक्त कार्य वडाको टोलटोलमा गएर २ जना स्वास्थ्यकर्मीले सेवा दिनुपर्नेछ र उक्त कार्य गरे बापत प्रति व्यक्ति प्रति दिन (प्रति टोल) यातायत खर्च वापत रु. ७००/- र खाजा खर्च रु २००/- उपलब्ध गराउने । | | |

**निर्णय नं ११: बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत हालसम्म ६ वटा वडाहरु ( वडा नं १,२,४,१० र ११) बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा भैसकेको र वडा नं ३ र ५ घोषणाउन्मुख भएकै समयमा जेनी प्रदर्शन र त्यसपछिको दुविधा/अन्यौलग्रस्त समयमा रोकिन पुगेको हुँदा जुन अवस्थामा रोकिएको छ त्यसै अवस्थाबाट प्रक्रिया/कार्यक्रम अघि बढाउने र बाँकी वडाहरु वडा नं ७, ८ र ९ मा बालमैत्री वडा घोषणाको लागि एकैसाथ कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

**निर्णय नं १२: गाईखुरे झरना क्षेत्रको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी नीति, २०७६ अनुरुप बेसीशहर नगरपालिका वडा नं १ स्थित गाईखुरे झरना क्षेत्रमा पर्यटन पूर्वाधार विकासका लागि बेसीशहर नगरपालिका र बोटेबोरा प्रा.लि.काठमाण्डौ विच मिति २०७९/०६/१३ मा सम्झौता भएकोमा हालसम्म पनि उक्त कम्पनीले निर्माण कार्य शुरुवात नगरेकोले नगरपालिकाबाट विनियोजित बजेटबाट समेत उक्त क्षेत्रमा निर्माण कार्य गर्न समस्या भएको हुँदा उक्त कम्पनी पुनः सम्पर्कमा आइरहेको स्थितिमा उक्त कम्पनीका सञ्चालक/सदस्यहरुसंग संयुक्त बैठक बसी आवश्यक निश्कर्षमा पुग्ने निर्णय गरियो ।

**निर्णय नं १३: मालपोत कार्यालय लमजुङको पत्र सम्बन्धमा ।**

मालपोत कार्यालय लमजुङको च.नं. ३१८, मिति २०८२/०५/०६ को खानेपानी महसुल भुक्तानी सम्बन्धी पत्र र च.नं. ११५८, मिति २०८२/०९/०१ को घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँड तथा बजेट व्यवस्था सम्बन्धी प्राप्त पत्रानुसार सवारी साधन मर्मत र कार्यालय व्यवस्थापनको लागि बजेट माग भएको सम्बन्धमा नापी कार्यालयको भवनमा नगरपालिका बसीरहेको र नापी कार्यालय मालपोत कार्यालयको भवनमा रहेको साथै आधारभूत कार्यालय सञ्चालन वापत बजेट अभाव भएको भनी पत्राचार भएकोले रु. १,५०,०००/-(एक लाख पचास हजार मात्र) खर्च संकेत नं २५३१५ अन्तर्गत रहेको अन्य संस्था सहायता शिर्षकबाट र खानेपानी महसुल भुक्तानीको लागि रु.५४,५६३/- (चौवन्न हजार पाँच सय त्रिसठ्ठी मात्र) खर्च संकेत नं २२१११ पानी तथा विजुली खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १४: निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको कार्यालयमा "घ" वर्गको निर्माण व्यवसायीहरुको इजाजत पत्रका लागि निवेदन प्राप्त हुन आएको देहायको सञ्चालकको संलग्न कागजात छानविन गर्दा बेसीशहर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची-५ अनुसार योग्यता पुगेको देखिएको भनी छानविन उप समितिको मिति २०८२/०९/२४ को निर्णयबाट सिफारिस भै आएको हुँदा निजलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहायः**

**फर्मको नाम, ठेगानाः** डी आर कन्ट्रक्सन, बेसीशहर नगरपालिका-७, लमजुङ ।

**सञ्चालकको नाम, ठेगानाः** दिपेन्द्र रावल; बेसीशहर नगरपालिका-७ लमजुङ ।

**निर्णय नं १५: असाधारण विदा सम्बन्धमा ।**

गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० मा उल्लेख भएको व्यवस्था अनुसार देहायका कर्मचारीहरुले माग गरेका तपसिल अनुसार असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं | नाम थर | पद | निवेदन प्राप्त मिति | विदा अवधि (मिति वि.सं.) | नियमावलीको नियम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रकाश पौडेल | सिनियर सब-ईन्जिनियर | २०८२/०७/२५ | २०८२/१०/०५ गते देखि २०८३/१०/०४ सम्म | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११२ बमोजिम | वैदेशिक अध्ययनमा गएको कारण १ बर्ष असाधारण विदा |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

| क.सं | नाम थर | पद | निवेदन प्राप्त मिति | विदा अवधि (मिति वि.सं.) | नियमावलीको नियम | कैफियत |
|---|---|---|---|---|---|---|
| २. | दिपु गुरुङ | अ.न.मी | २०८२/०८/०२ | २०८२/१२/०१ गते देखि २०८३/११/३० सम्म | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११२ बमोजिम | घरायसी कारण |
| ३ | ममता केसी | वरिष्ठ प्रशासन सहायक | २०८२/०९/०८ | २०८२/११/०१ गते देखि २०८३/१०/२९ सम्म | मिति २०८१/०८/१२गतेको कार्यपालिका बैठकको निर्णय नं २६ बमोजिम मिति २०८१/१०/३० बाट लागु हुने गरी १ वर्ष बेतलबी अध्ययन विदा स्वीकृत भएको तर स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ बमोजिम पूर्व स्वीकृति विना शैक्षिक संस्था परिवर्तन गरेकोले उक्त बेतलवी अध्ययन विदा स्वतः रद्ध गरी असाधारण विदामा परिणत गर्ने र उक्त विदा समाप्त भएको मितिबाट सो नियमावलीको नियम ११२ बमोजिम थप १ वर्ष असाधारण विदा स्वीकृत गर्ने । | |

## निर्णय नं १६: लागत साझेदारीमा सडक कालोपत्रे सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको बजार/आवासीय क्षेत्रहरुमा नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रे/ढलान गर्ने कार्यको लागि चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजन भएको हुँदा कालोपत्रे/ढलान गर्न बाँकी रहेका सडकका स्थानीय उपभोक्ताहरुको तर्फबाट आवश्यक रकम संकलन गरी पहिला आउने निवेदनलाई पहिलो प्राथमिकतामा राखी उक्त कार्यक्रम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

## निर्णय नं १७: भू उपयोग वर्गिकरणमा संशोधन सम्बन्धमा ।

नेपाल सरकारले जारी गरेको "भू उपयोग ऐन, २०७६" को दफा ४ तथा भू उपयोग नियमावली, २०७९ को नियम ५ वमोजिम बेसीशहर नगरपालिकाबाट स्वीकृत "भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी आधार र मापदण्ड" तथा प्रतिवेदन, २०८२ मा उल्लेख भएको व्यहोरामा फरक परी/चित्त नबुझी देहाका व्यक्तिहरुले संशोधनका लागि दिएको निवेदन मनासिव देखिएको हुँदा उक्त ऐनको दफा ८ को उपदफा (२) तथा (३) देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

देहायः

| निवेदकको नामथर | ठेगाना | जग्गाधनीको नामथर | जग्गा रहेको ठेगाना | कित्ता नं | साविक वर्गिकरण | कायम गरिएको वर्गिकरण | कारण |
|---|---|---|---|---|---|---|---|
| रामचन्द्र सेढाई | बेनपा-११, साविक | विश्व विवेक सेढाई | बेसीशहर ११ | ४१५२ | कृषि क्षेत्र | आवासीय | सडकमा परेको |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०९/२८ को बैठक

| निवेदकको नामथर | ठेगाना | जग्गाधनीको नामथर | जग्गा रहेको ठेगाना | कित्ता नं | साविक वर्गिकरण | कायम गरिएको वर्गिकरण | कारण |
|---|---|---|---|---|---|---|---|
| | चिति-७ | | साविक चिती-७ | | | | |
| सुशिला सिलवाल समेत | बेनपा-८ साविक बेसीशहर-९ | सुशिला सिलवाल | बेनपा-८ साविक बेसीशहर गाविस-९ | ७०१२<br>६३९<br>९९० | व्यवसायिक<br>आवासीय<br>आवासीय | व्यवसायिक<br>व्यवसायिक<br>व्यवसायिक | एकै सौंधका जग्गा भएकोले एकरुपता कायम गरिएको |
| विष्णुमाया घिमिरे | बेसीशहर-७ साविक बेसीशहर गाविस ३ | विष्णुमाया घिमिरे | बेसीशहर ७ साविक बेसीशहर गाविस-३ | ११८०<br>२४३० | व्यवसायिक<br>आवासीय | व्यवसायिक<br>व्यवसायिक | |

**निर्णय नं १८: कार्यविधि निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको "गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि" सम्बन्धी मस्यौदा तयार गरी अगाडि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख